आ.व. २०७४/०७५ को छैठौं बैठक

आज मिति २०७४ साल मंसीर २८ गते विहिवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिती प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी

उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी

सदस्य श्री टेकबहादुर कुमाल

सदस्य श्री वेदप्रसाद चौधरी

सदस्य श्री विष्णुबहादुर घर्ति क्षेत्री

सदस्य श्री कुवारी देवी कार्की

सदस्य श्री जगतबहादुर थापा

सदस्य श्री विष्णु गुरुङ्ग

सदस्य श्री तारावहादुर डि.सी

सदस्य श्री गोकर्णबहादुर रानामगर

सदस्य श्री गोवर्धन रावत

सदस्य श्री विद्याशरण चौधरी

सदस्य श्री सुनिता मल्ल

सदस्य श्री ताराकुमारी चौधरी

सदस्य श्री चन्दर चौधरी

सदस्य श्री रिमवहादुर सुनारी मगर

सदस्य श्री संजिव परियार

सदस्य-सचिव श्री ललित कुमार थापा

आमन्त्रित

श्यामराज अधिकारी लेखा

Scanned with CamScanner

## बैठकका प्रस्तावहरु

१. परामर्शदाता छनौट गर्ने सम्वन्धमा

२. सामाजिक सुरक्षाको नपुग रकम उपलब्ध गराउने सम्वन्धमा ।

३. न्यायीक समिति को निवेदन दस्तुर र बैठक भत्ता सम्वन्धमा ।

४. आई टि इन्जिनियर र कम्प्युटर अपरेटर सेवा करारमा लिने सम्वन्धमा ।

५. लागत सशभागिता सम्वन्धमा ।

६. अन्य समसामयिक विविध विषयहरुमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को आयोजनाहरुको लागत इस्टिमेट एवं अन्य परामर्श सम्वन्धी कार्यहरु गराउन कार्यालयमा हाल उपलब्ध प्राविधिक जनशक्ति नपुग हुने भएकोले आयोजना व्यवस्थापन खर्च शिर्षकवाट खर्च व्यहोर्ने गरी सूचीकृत परामर्शदाताहरु मध्येवाट यस गाउँपालिकाका आयोजनाहरुको ल.ई.तयार गर्ने मुल्यांकन गर्ने , तथा अन्य परामर्श सेवा खरिद गरी  काम गराउने निर्णय गरियो

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा पंञ्जिकरण विभागवाट  यस गाउँपालिकाको सामाजिक सुरक्षा कार्यक्रमको पहिलो चौमासिकमा आवश्यकता भन्दा कम रकम निकासा भएकोले वितरण गर्दा नपुग हुन गएकोले नपुग रकम विभागमा निकासा माग गर्ने र निकासा प्राप्त भएपछि शोध भर्ना गर्ने गरि हाललाई चालु खातावाट सापटी लिई सम्वन्धित वडाको माग अनुसारको नपुग रकम  उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको न्यायीक समितिमा आइपर्ने विवाद समाधानका लागि छलफल र वैठक वसेको दिनमा प्रतिदिन रु ५००।- वैठक भत्ता उपलब्ध गराउने र उक्त समितिमा दर्ता हुन आउने विवादको हकमा निवेदन दस्तुर वापत रु १००/- लिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा एलजिसिडिपी कार्यक्रमवाट प्रत्येक गाउँपालिकामा एक जना आइटि इन्जिनियर करारमा लिने गरि वजेट व्यवस्था भएको र सो कार्यक्रम समन्वय इकाइको मिति २०७४।७।१७ च.नं. १२७ को पत्रको शर्त नं. २को अधिनमा रहि एलजिसिडिपी कार्यक्रमवाट वजेट प्राप्त भएसम्म २०७४ असार मसान्त सम्मका लागि यस अघि प्रादेशिक सहयोग इकाई प्रदेश नं. ६ सुर्खेतमा आइटि अफिसरको रुपमा कार्यरत राप्ती गा.पा. १ वस्ने श्री काशीराम आचार्यलाई करार सेवामा लिन र कार्यालयको कम्प्युटर टाईपिङ्ग सम्वन्धि काम गर्ने गरी २०७४ असार मसान्त सम्ममा लागि एक जना सहायक कम्प्युटर अप्रेटर लाई वढीमा मासिक रु १८,०००/- दिने गरी सेवा करारमा लिन प्रमुख प्रशासकीय अधिकृत लाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रथम गाउँसभाको निर्णय नं.१४ मा स्वीकृत आयोजना निर्माण गर्दा उपभोक्ता समितिवाट २० प्रतिशत नगद लागत सहभागिता अनिवार्य गर्ने निर्णय भएकोमा उपभोक्ता मार्फत योजना संचालन गर्दा नगद लागत सहभागिता व्यहोर्न संभव नदेखिएकोले दोश्रो गाउँसभावाट अनुमोदन हुने गरी उक्त २० प्रतिशत नगदलाई जनश्रमदानमा परिणत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउपालिकाको प्रथम गाउँसभाद्धारा स्वीकृत कार्यालय सहयोगी पदमा स्थायी कर्मचारी समायोजन भई नआउदा सम्म वा करार सेवाको शर्त अनुसार कार्य नगरेमा हटने गरी २०७५ असार मसान्त सम्मका लागि तपसिल वमोजिमका व्यक्तिहरुलाई मासिक रु १०५००।/- र प्रथम गाउँसभाको निर्णय नं. १६ मा भएको व्यवस्था अनुसारको खाजा खर्च रु १,५००/- गरी जम्मा रु १२,०००/-मा नवढने गरी २०७४ असोज १ गते देखि लागू हुने गरी सेवा करार सम्झौता गरी काममा लगाउन प्रमुख प्रशासकीय अधिकृत लाई अधिकार दिने निर्णय गरियो ।

१.मिना थापा राप्ती गाउँपालिका वडा नं. १

२.राम चौधरी राप्ती गाउँपालिका वडा नं. २

३.रामकुमारी चौधरी राप्ती गाउँपालिका वडा नं. ३

४.मानबहादुर जिसी राप्ती गाउँपालिका वडा नं. ४

५. एन्जिला चौधरी राप्ती गाउँपालिका वडा नं. ५

६ . प्रेमकुमारी चौधरी , राप्ती गाउँपालिका वडा नं. ६

७. प्रशुराम चौधरी , राप्ती गाउँपालिका वडा नं. ७

८ चन्द्र बहादुर गुरुङ्ग, राप्ती गाउँपालिका वडा नं. ८

९. गोकर्ण वहादुर सुनारी मगर,राप्ती गा.पा. ९.

१०.शिवलाल सुवेदी राप्ती गाउँपालिका वडा नं. १ : निजलाई पालो पहरा तथा कार्यालय सुरक्षा र सरसफाई समेतको जिम्मेवारी दिईएको हुंदा मासिक पारिश्रमिक रु १६२३०/- तथा खाजा खर्च रु : १५००/- गरी जम्मा रु १७७३०/-उपलब्ध गराउने ।

Scanned with CamScanner